राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## मधेशलाई मरुभूमिकरणबाट जोगाउन वृक्षरोपण गर्न पूर्वप्रदेश प्रमुखको आग्रह



काठमाडौं। मधेशमा दिनप्रति जलका स्रोतहरु सुक्न थालेपछि खानेपानीको समेत हाहाकार हुन थालेपछि उर्बर भूमि मरुभूमिकरणमा परिणत हुन थालेको भन्दै मधेश प्रदेशका पूर्वप्रदेश प्रमुख डा. राजेश अहिराजले चिन्ता व्यक्त गरेका छन्।

मधेशमा जलसंकट दिनप्रति बढ्दै गएको भन्दै पूर्वप्रदेश प्रमुख डा. अहिराजले यो संकटबाट बच्नका लागि वृक्षरोपण, चुरे संरक्षण र पानीका मुहानको सम्बर्द्धनका लागि तीनै तहका सरकारलाई आग्रह गरेका छन्। उनले भने, 'मधेशमा जलसंकट बढ्नु मानव जातिका ठूलो चुनौती बन्दै गएको छ। मधेशलाई मरुभूमिकरणबाट बचाउन एक मात्र उपाय भनेको वृक्षरोपण गर्नु हो।'

उनले तत्काल स्थानीय र प्रदेश सरकार वृक्षरोपण कार्य सुरु गरिहाल्नपर्ने बताएका छन्। स्थानीय र प्रदेश सरकार यो जलसंकटबाट अनभिज्ञ नरहेकै भन्दै डा. अहिराजले भने, 'नागरिकको जीवन दिनप्रति दिन संकटग्रह बन्दै गएको छ। मधेशमा पानीको हाहाकार हुँदैछ। वनविनाश र चुरे दोहनका कारण मधेशमा वर्षेनी विभिन्न प्राकृतिक विपदाहरु आइरहन्छन्, जसबाट ठूलो संख्यामा जनधनको क्षति भइरहेको छ।'

तराई-मधेशका जिल्लाहरूमा गर्मी महिनाको सुरुवातमै करिब ४२ डिग्री सेल्सियससम्म तापमान पुग्न थालेको छ। एकाएक बढेको गर्मीले यस क्षेत्रका बासिन्दाहरूको जीवन अत्यन्तै चुनौतीपूर्ण बनेको छ। सर्वसाधारणले गर्मीको मौसमसँग बच्न जुधिरहेको देखिएको छ।

गर्मीको महिनाहरूमा पानी जस्ता अतिआवश्यक स्रोतहरू पर्याप्त रूपमा उपलब्ध गराउनसमेत सरकार असमर्थ देखिएको छ। यस्तो अवस्थामा सरकारले तराई मधेशका जनताका आवश्यकतालाई प्राथमिकतामा राखेर सम्बोधन गर्न जरुरी रहेको पूर्वप्रदेश प्रमुख डा.अहिराजको भनाइ छ।

चर्को गर्मी महिनाहरूमा जनजीवन बनाउन आधारभूत आवश्यकताहरू विशेष गरी पानीमा पहुँच सुनिश्चित गर्न द्रुत र प्रभावकारी उपायहरू लागू गर्न उनले आग्रह गरेका हुन्।

उनले ठोस प्रयास र प्रभावकारी काम गरे मात्र जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न र नेपाली जनताको भविष्य सुनिश्चित गर्ने सकिने बताउँदै यसका लागि अविलम्ब वृक्षरोपण कार्यमा लाग्न तीनै तहका सरकारलाई लाग्न आग्रह गरेका छन्। जलसंकटप्रति तीनै तहका सरकार, नागरिक समाज, सञ्चारजगत् लगायत सम्पूर्ण सरोकारवालाहरुलाई वृक्षरोपणका लागि जुट्न आग्रह गरेका हुन्।

# फेरि फुट्यो उपेन्द्र यादवको पार्टी





काठमाडौं। एकताको प्रथम राष्ट्रिय महाधिवेशनको संघारमा रहेको उपेन्द्र यादवको जनता समाजवादी पार्टी नेपाल पुन: विभाजित भएको छ। आधिकारिक दाबी गर्दै जसपाका नेता अशोक राई नेतृत्वको समूहले निर्वाचन आयोगमा निवेदन दिएका छन्। संघीय संसदमा जसपाको १२ सांसद रहेकोमा अशोक राईको नेतृत्वमा ७ जना सांसदले निर्वाचन आयोग पुगी आधिकारिकताको दाबी गरेका छन्।

निर्वाचन आयोग पुग्नेमा अशोक राई, नवलकिशोर साह सुडी, प्रदीप यादव, रञ्जु झा, डा.वीरेन्द्र महतो, हसिना खान र सुशीला श्रेष्ठ रहेका छन्। त्यस्तै केन्द्रीय कार्यकारिणी समितिका ९ जना र केन्द्रीय समितिका २७ जनाले राई समूहलाई साथ दिएका छन्। यता, उपप्रधानमन्त्री तथा स्वास्थ्यमन्त्रीसमेत रहेका जसपा अध्यक्ष उपेन्द्र यादव अमेरिका भ्रमणमा रहेका थिए।

**किन फुट्यो ?**

जनता समाजवादी पार्टी (जसपा) नेपाल तीन कारणले फुटेको अशोक राई नेतृत्वको पार्टीले दाबी गरेको छ। राई नेतृत्वको जनता समाजवादी पार्टीले बिहीबार राजधानीमा पत्रकार सम्मेलन गर्दै वैचारिक सैद्धान्तिक, सङ्गठनात्मक र कार्यशैलीका कारणले पार्टी फुटेको जानकारी गराइएको हो।

पत्रकार सम्मेलनमा वितरित विज्ञप्तिअनुसार पार्टी विभाजनको वैचारिक सैद्धान्तिक कारणमा उपेन्द्र यादवको कार्यशैलीमाथि नै बढी दोष दिइएको छ। जसअनुसार पार्टी घोषणा पत्र र विधानमा उल्लेखित सङ्घीय समाजवादलाई सोकेसमा थन्क्याई यादवले सामाजिक लोकतन्त्रको वकालत गर्ने गरेको जिकिर गरिएको छ।

यस्तै पार्टीको सङ्गठनात्मक सिद्धान्त लोकतान्त्रिक अकेन्द्रिकरणको नीति भएपनि नेतृत्वबाट आन्तरिक लोकतन्त्रको अभ्यास नगरिएको जिकिर गरिएको छ। यस्तै विधानबमोजिम प्रदेशहरूको अधिकार प्रदेशलाई प्रयोग गर्न नदिई अकेन्द्रिकरणको सिद्धान्त उलंघन गर्ने काम भएकाले पनि पार्टीमा फुट आएको उल्लेख गरिएको छ।

यस्तै सामूहिक नेतृत्व र समावेशी प्रतिनिधित्वको नीतिविपरीत हुने गरी अध्यक्षात्मक प्रणालीमा जस्तो एकल निर्णय गर्नुले अहिलेको अवस्था निम्तिएको फुटको साङ्गठनिक कारणमा उल्लेख छ। यस्तै सिद्धान्तमा सङ्घीय ढाँचाको पार्टी भन्ने तर व्यवहारमा केन्द्रीकृत रूपमा पार्टी चलाइनु तथा जिल्ला र पालिकासम्म अध्यक्षले हस्तक्षेप गर्नु पनि पार्टी विभाजन हुनुको अर्को कारण भएको राईको भनाइ छ। यस्तै राज्यसँग प्रदेशहरू स्वायत र अधिकारसम्पन्न हुनुपर्छ भनेर माग गरिएपनि पार्टीमा उल्टो गतिविधि हुनुले फुट निम्तिएको राईको भनाइ छ।

अध्यक्षले पार्टीका सिनियर नेताहरू नभएको बेला आफू अनुकूलको निर्णय गरी विदेश भ्रमणमा जानु, पार्टीको केन्द्रीय कार्यकारिणी समितिले दीपक कार्कीलाई स्वास्थ्य राज्यमन्त्रीमा जिम्मेवारी दिने पार्टी निर्णय गरेपनि विपरीत वन राज्यमन्त्रीमा शपथ ग्रहण गराउनुले समेत पार्टीमा समस्या उत्पन्न भएको फुटको कार्यशैली सम्बन्धी अर्को कारणमा उल्लेख छ।

यस्तै पाटी सरकारमा भएकोबेला सम्बन्धित मन्त्रीलाई जानकारी नगराई मन्त्रालयका उच्च पदस्थ कर्मचारीहरूमार्फत आफू अनुकूलका काम गर्न निर्देशन दिने जस्ता कार्य उपेन्द्र यादवले गरेको राई पक्षको भनाइ छ।

**अशोक राईको जसपाले पायो दल दर्ताको प्रमाणपत्र**

जनता समाजवादी पार्टी नेपालबाट विभाजन गरी अशोक राई नेतृत्वमा बनेको जनता समाजवादी पार्टीले दल दर्ताको प्रमाणपत्र पाएको छ। निर्वाचन आयोगले अशोक राई नेतृत्वको दल जनता समाजवादी पार्टी दर्ता गर्ने निर्णय गर्दै दल दर्ताको प्रमाणपत्र प्रदान गरेको हो। आयोगको सोमबार बसेको बैठकले दल दर्ता गर्ने निर्णय गरेको छ। जनता समाजवादी पार्टीको दल दर्ता नं. १९८ रहेको छ। राजनीतिक दलसम्बन्धी ऐन तथा राजनीतिक दलसम्बन्धी नियमावली २०७४ को नियम ५ बमोजिम दल दर्ता गर्ने निर्णय भएको हो।

## आगलागीपीडितका लागि विशेष राहतको माग

जनकपुरधाम। महोत्तरी जिल्लाको मटिहानी नगरपालिका जरलहवाका आगलागी पीडितका लागि विशेष राहतको माग गरिएको छ।

तराई-मधेश लोकतान्त्रिक पार्टी अध्यक्ष वृषेशचन्द्र लाल, नेपाली काँग्रेसको नेता रामसरोज यादव, तमलोपाको वरिष्ठ नेता डा. विजयकुमार सिंह, नेपाली काँग्रेसको नेता जीवनाथ ठाकुर, तमलोपाका रविशंकर सुभाष, उमेश मण्डल, बिभा ठाकुर, बिमला साह, बैद्यनाथ साह सहितको प्रतिनिधि मण्डलले मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवसँग भेंट गरी आगलागीबाट पूर्णत: जलेको मटीहानीको जरलहवा टोलका जनताका लागि प्रदेश सरकारबाट विशेष राहत सहयोगको माग गरेको हो।

पुन: बसोबासको अहिलेसम्म कुनै व्यवस्था नभएको र जनता बिचल्लीमा रहेको उनीहरुको भनाई थियो। उनीहरुले एकद्वार प्रणालीको नाममा अरुलाई राहत वितरण गर्न अवरोध खडा गरिरहिएको खबरप्रति समेत बिरोध प्रकट गरेका छन्।

प्रशासन, स्थानीय सरकार, प्रदेश र संघीय सरकार राजनीतिक क्रेडिटको निमित्त यस्तो गर्नु नहुने, राजनीतिक समर्थनको आधारमा सहयोग वितरण गर्न नहुने र जनताको पैसाबाट गरिने सरकारी सहयोगमा व्यक्ति वा नेताको हालीमुहाली चल्नु नहुने उनीहरुको भनाई थियो।

गत बैशाख १२ गते सो टोलमा अगिलागी भई करीब १५० घर परिवार पूर्णत: नष्ट भएको थियो। प्रतिनिधिमण्डलले अहिलेसम्म सो टोलका बासिन्दाहरुको निमित्त बसोबास लगायत अन्य व्यवस्थामा प्रदेश सरकारले कुनै विशेष राहत-सहयोगको घोषणा नगरेकोमा क्षोभ प्रकट गर्दै यथाशिघ्र कदम उठाउन मांग गरेको छ।

प्रतिनिधि मण्डलले पूरै मधेश प्रदेशमा भूमिगत जलको सतह सवाट्टै झरेर दैनिक उपयोग र पेयजलको आभाव भएको समस्याप्रति समेत मुख्यमन्त्रीको ध्यानाकर्षण गराएको हो।

यस क्षेत्रमा तत्काल अग्रसरता र पेयजलको आपूर्ति गर्नुका साथै भूमिगत जलको रिचार्जिंगमा आइरहेको खठिनाई, चुरे भाँवरसंग सम्बन्धित वातावरणीय समस्या इत्यादिको बारेमा समेत ध्यानाकर्षण गराउँदै भूमिगत जलको रिचार्जिंगको निमित्त अल्पकालिन/दिर्घकालिन परियोजना संचालन गर्न आग्रह गरेका छन्।

मधेश प्रदेशमा यस अवधिमा हत्या र दुर्घटनाका घटनाहरु दिनानुदिन बढ्दै गएकोमा चिन्ता प्रकट गर्दै प्रतिनिधि मण्डलले यसलाई त्तकाल नियन्त्रण गर्नु पर्ने भन्दै सुरक्षा क्षेत्रलाई यसप्रति सजग गराउन मुख्यमन्त्रीसंग अनुरोध गरेको छ।

## सीमा क्षेत्रको असहजता र अवरोधप्रति सम्वाद समूहको ध्यानाकर्षण

काठमाडौं। खुला सीमाका कारण सदियौंदेखि रहँदै आएको नेपाल-भारतबीच बहुआयामिक सम्बन्धमा सीमा क्षेत्रका सुरक्षाकर्मीले असहज र अवरोध पुर्‍याउन थालेको भन्दै नेपाल-भारत खुला सीमा सम्वाद समूहको ध्यानाकर्षण भएको छ।

समूहका अध्यक्ष राजीव झाले विज्ञप्ति जारी गर्दै भनेका छन्, 'नेपाल र भारत बिच पौरानिक रामायणकाल देखिको रोटी र बेटीको सम्बन्ध रहेको यर्थात हामिबाट लुकेको छैन। धन्य भगवान श्री सिताराम जीको त्यो वैवाहिक सम्बन्ध जस्ले यो दुई देशको विरता, धार्मिक महत्व र गरिमा तथा सदियौंको सम्बन्धलाई प्रगाढ गर्दै आइरहेको छ। तत्कालिन राजर्षि राजा जनकद्वारा शासित मिथिला राज्य जो हाल नेपाल र भारत दुवै तर्फको भुमिमा अवस्थित छ वहाँको अनुकम्पाले यहाँ अझै पनि वैवाहिक सहित रोटी र बेटीको सम्बन्ध स्थापित छ र प्रगाढ नै छ।'



यद्यपि दुई देशको राजनितिक सम्बन्ध र उतारचढावका कारण ति सम्बन्ध र पौरानिक परम्परालाई प्रभावित गर्ने दुई देशको सिमामा देखिएको हालको केहि गतिविधीहरु प्रति यस समुहको गम्भिर ध्यानाकर्षण भइरहेको छ।

भगवान श्री सिताराम जीको विवाहले भेटेको यो विरासतलाई निरन्तरता दिन र सफल वैवाहिक र दाम्पत्य जिवनका लागि दुवै तर्फ अझै पनि जारी वैवाहिक सम्बन्धनको प्रक्रियामा दुवै देशका सिमा सुरक्षामा खटेका केही असम्बेदनशिल सुरक्षाकर्मीको गलत गतिविधीको कारण बैबाहिक बंधनमा धेरै नै कमि आएको सम्वाद समूहको ठहर छ।

पौरानिक परम्परा अनुसार वैवाहिक कार्यक्रमका लागि जाने जयन्ती, यज्ञ, पुजा प्रतिष्ठा सहित पैराणिक, धार्मिक र सांस्कृतीक अनुष्ठानका लागि दुवै देश आवतजावत गर्ने व्यक्ति, संस्थाको अनावश्यक परिचय पत्र खोजिनु, सवारी साधनलाई कुनै सिमित नाकाबाट मात्र आवागमण हुन दिई दु:ख र कष्टको वातावरण सृजना हुनुले दुई देशको जनतालाई दु:ख दिने काम भइरहेको छ। यस्ले सदियौं देखि मिलेर सुमधुरताका साथ बस्दै आएका दुई देशका सिमावर्ती जनताहरुलाई पनि अवरोधकको सामना गर्नु परेको छ।

'अत: यस्ता गतिविधीहरु अविलम्व बन्द गरि नागरिकलाई निरन्तर आफनो पौरानिक सम्बन्ध स्थापना, व्यक्तिगत, पारिवारिक, धार्मिक, समाजिक सहज गतिविधीका लागि आवागमणमा निर्वाधरुपमा सहज वातावरण निर्माणका लागि दुवै देशको सरकार तथा सम्बन्धित निकायलाई समुह हार्दिक अनुरोध गर्दछ। सिमामा देखिएको अवरोध र असहजता जारी रहे समुह दबाबका कार्यक्रमहरु गर्न बाध्य हुने समेत जानकारी गराउँदछौं।' अध्यक्ष झाले भनेका छन्।




## सम्पादकीय

# विश्वास गुमाउँदै मधेशी दल

राजनीतिक दल भनेको विचार, सिद्धान्त र वादमात्रै होइन, आन्दोलनको निरन्तरता समेत हो । नेपालमा केही राजनीतिक दलहरू विचार सिद्धान्तले स्थापित भए भने केही आन्दोलनको निरन्तरताले गर्दा राष्ट्रिय राजनीतिमा प्रभाव पार्न सक्ने शक्तिको रूपमा उदाए । संविधान संशोधन गरेर मधेश र देशका सम्पूर्ण समस्याहरू सम्बोधन गर्ने तिर सरकारको पहल देखिएको छैन । यी र यस्ता क्रियाकलापहरूले गर्दा संशोधनका कुरा उठाउने, सरकारमा जाने र सरकारको भाषण मात्र आइरहने प्रवृत्तिले गर्दा मधेशको माग सम्बोधन हुन्छ भन्नेमा आशंका देखिन थालेको छ । देश संघीयतामा गएपछि सिंहदरबारको अधिकार गाउँगाउँमा आउँछ भन्ने सुनेका जनताले संघीय सरकारमाथि धेरै आशा र भरोसा गरेका छन् । तर, मधेशी जनताको लागि राजनीति गर्छौं भन्ने दलहरूकै सरकार भएको मधेश प्रदेशको संघीय सरकारले जनताको आशा अनुरूप काम गरेको पाईदैन । भाषण र आश्वासन एकातिर, काम गराई अर्कोतिर हुँदा ती राजनीतिक दलहरू माथि मधेशी जनताको विश्वास कम हुँदै गएको पाइन्छ ।

विभिन्न मुद्दाहरू उठाई राजनीतिमा आफ्नो पहिचान बनाउन खप्पिस भइसकेका दलहरू हरेक समयमा आन्दोलनका लागि मधेशी जनतालाई प्रयोग गर्ने र अन्तिम अवस्थामा मधेशको मुद्दालाई सरकारसँग बेचेर आफू सत्तामा जाने गरेको यर्थात अब मधेशी जनतबाट लुक्न सक्दैन । छुट्टा-छुट्टै दल हुँदा होस् वा एकीकरण भएपछि होस्, मधेशका राजनीतिक दलहरूको उद्देश्य मधेशको मुद्दा लिएर सत्ता प्राप्त गर्नु नै हो ।

यर्थाथमा मधेशी पार्टी सत्ता समर्पण र मुद्दा विसर्जनका पात्रहरू हुन् । उनीहरूको मूल ध्येय नै जसरी भए पनि मधेशको नारामा, मधेशी जनताको मागको नाममा संसदमा जाने र सत्ताको खेल खेल्ने नै हो । मधेशमा भएका दलहरूको वैचारिक अडान नहुँदा, व्यक्तिगत स्वार्थ र दलाल मानसिकताले गर्दा मधेशमा राजनीतिक दलहरूले पार्टीको संस्थागत विकास गर्न असफल भएका हुन । मधेशी पार्टी मधेश मुद्दालाई छाडी सरकारमा सामेल भएपछि मधेशको राजनीतिक धरातल पूर्ण रूपमा खाली भएको छ । मूलधारका राजनीतिक दलहरूले पनि अब मधेशको मुद्दा सम्बोधनमा ध्यान दिनुपर्छ । राष्ट्रिय अखण्डतालाई कायम राख्दै ‘सुखी नेपाली समृद्ध नेपाल’ को अभियान अघि बढाउने हो भने मधेशको मुद्दालाई छाडेर अगाडि बढ्न सकिन्न ।

# उपराष्ट्रपति यादवद्वारा मधुमेह नियन्त्रणमा जोड

काठमाडौं। उपराष्ट्रपति रामसहाय प्रसाद यादवले केही वर्षयता सर्ने रोगको तुलनामा नसर्ने रोगका कारण धेरै मानिस मृत्युवरण गर्न वाध्य भएकोमा चिन्ता व्यक्त गर्दै मुटु रोग, क्यान्सर, उच्च रक्तचापको लहरमै आउने मधुमेहबाट पनि मृत्यु हुनेको संख्या उच्च रहेको बताएका छन् । काठमाडौंमा शनिबार ‘नेपाल डाइबिटिज’ संस्थाले आयोजना गरेको ‘डाइबिटिज नेपाल अन्तर्राष्ट्रिय सम्मेलन’ लाई सम्बोधन गर्दै उनले मधुमेह नियन्त्रणमा जोड दिएका हुन् ।

‘यी रोगहरुलाई निर्मुल पार्न नसके पनि अनुशासित जीवन शैली, खानपान, शारीरिक व्यायाम, नियमित स्वास्थ्य जाँच र समयमै औषधी सेवन गरी यसलाई नियन्त्रणमा राख्न सकिन्छ ’ उनले भने, ‘मधुमेह ‘क्रोनिक मेटाबोलिक’ रोग हो, जुन रगतमा ग्लुकोज (चिनी) को मात्रा उच्च स्तरमा पुगेपछि लाग्छ । समयमै यो रोगको पहिचान, निदान, व्यवस्थापन र रोकथाम गर्न नसके व्यक्तिको शरीरमा विभिन्न किसिमको जटिलताहरु निम्त्याउन सक्छ ।’

उनले अगाडि भने, ‘मधुमेहले शरीरका महत्वपूर्ण अंगहरु मुटु, रक्त नली, आँखा, मृगौला, गिजा, खुट्टा र स्नायुहरुमा गम्भीर क्षति पुर्याउनुको साथै रोग प्रतिरोधात्मक क्षमतामा ह्रास आउन सक्छ । हृदयघात, पक्षघात, छालामा संक्रमण, खुट्टामा क्षति र दृष्टिदोषको समस्या पनि हुन सक्छ । त्यसैले यी समस्याहरुबाट बच्नका लागि हामी सचेत हुन अति आवश्यक छ ।’

उनले नेपालजस्तो विकाशोन्मुख देशमा जहाँ स्वास्थ्यमा जनताको राम्रो पहुँच नहुनु र रोगहरुको परिक्षण पनि समय-समयमा हुन नसक्नुले समस्या भएको बताए । ‘परिक्षणको अभावले गाउँघरमा मधुमेहबाट संक्रमितको संख्या बढ्दै गएकोमा चिन्तित छु’ उनले भने, ‘शरीरमा प्यान्क्रियाजले प्रयाप्त मात्रामा इन्सुलिनको उत्पादन गर्न छाडेपछि लाग्ने यो रोग तीन दशकयता विश्वमा नाटकीय रुपमा बढेको तथ्यांकहरुले देखाएको छ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को एक प्रतिवेदन अनुसार विश्वभर ४२ करोड २० लाख मानिसमा मधुमेह छ, जसमध्ये अधिकांश निम्न र मध्यम आय भएका देशहरुमा बसोबास गर्दछन् । यसैगरी, प्रत्येक वर्ष १५ लाख मानिसको मृत्यु प्रत्यक्ष रुपमा मधुमेहकै कारणले हुने गरेको छ ।’

उपराष्ट्रपति यादवले यी डरलाग्दा तथ्यांकहरुले मानिस आफ्नै स्वास्थ्यप्रति गम्भिर नरहेको देखिएको उल्लेख गर्दै सबैलाई आ-आफ्नो शरीर र स्वास्थ्यप्रति सचेत, सावधान र गम्भिर बन्न आग्रह गरे । ‘शरीरमा दीर्घकालीन प्रभाव र जटिलताहरु बढाउने मधुमेहलाई उचित औषधि र स्वस्थ जीवनशैलीले व्यवस्थापन/नियन्त्रण गर्न सकिन्छ । स्वस्थ आहार र शारीरिक गतिविधि बढाउने र धुम्रपान परित्याग गर्न सके मधुमेहलाई रोक्न वा ढिलो गर्न सकिन्छ ’ उनले भने, ‘यति गर्दा गर्दै पनि यो रोग लागेमा नियमित स्वास्थ्य परीक्षण, औषधि सेवन, स्क्रिनिङ गरी यसको जटिलताहरुलाई कम गर्न सकिन्छ ।’

# यसकारण जसपा नेपाल विभाजन

हाम्रो राजनीतिक दलका तर्फवाट अपिल गर्दछौ की, नेपाललाई स्वतन्त्र, स्वाधीन, समृद्ध, धर्मनिरपेक्ष, समानुपातिक समावेशी सहभागीतामूलक, सङ्घीय समाजवादी लोकतान्त्रिक गणतन्त्रात्मक राज्य बनाउने ध्येयप्रति प्रतिवद्ध हुँदै, नेपाल एक सार्वभौमसत्ता सम्पन्न, अविभाज्य, धर्मनिरपेक्ष, बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक विविधताले भरीपूर्ण राज्य हो भन्ने मान्यतालाई आत्मसात गर्दै, समानता, स्वतन्त्रता, राष्ट्रिय पहिचान, सुशासन, सामाजिक न्याय र समृद्धिको आकाङ्क्षा पुरा गर्न सङ्घीय गणतन्त्र स्थापनाका लागी जनता समाजवादी पार्टी, नामक राजनीतिक दल निर्वाचन आयोगमा मिति २०८१।०१।२४ गते दर्ता भएको छ । नेपालको संविधानको धारा २६९ र राजनीतिक दल सम्बन्धि ऐन, २०७३ को दफा ४ को उपदफा (१) बमोजिम दल दर्ता कायम रहेको जनता समाजवादी पार्टी नेपाल नामक राजनीतिक दलको सङ्घीय संसदमा हाल कायम रहेका १५ जना सदस्य मध्ये ४६.६६ प्रतिशत सदस्य भई राजनीतिक दल सम्बन्धि ऐन, २०७३ र राजनीतिक दल सम्बन्धि (दोस्रो संशोधन) नियमावली, २०७८ ले राजनीतिक दल सम्बन्धि नियमावली, २०७४ को नियम (५) लाई संशोधन गर्ने नियम (२) को उप नियम (१) वमोजिम आयोग समक्ष छुट्टै नयाँ दल दर्ता गर्न निवेदन गरी राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम (५) बमोजिम छुट्टै ”जनता समाजवादी पार्टी“ नामक राजनीतिक दल नेपालको संविधान र कानुन वमोजिम दर्ता भएको राजनीतिक दल हो भन्ने ब्यहोरा आम नेपाली जनता र संचारमाध्यामलाई जानकारी गराँउछौ ।

इतिहासको विभिन्न कालखण्डमा जनताले अग्रगामी परिवर्तनको लागी सञ्चालन गरेका आन्दोलन, एकात्मक एवम् राजतन्त्रात्मक शासन प्रणालीको अन्त्य तथा राष्ट्रिय स्वाधिनता, शान्ति र अग्रगामी परिवर्तनको पक्षमा भएका जनक्रान्ति, जनआन्दोलन, जनयुद्ध, मधेस जनविद्रोह, आदिवासी जनजाति, खस, थारू, महिला, मुस्लिम, दलित, पिछडावर्ग, लगायत उत्पीडित एवम् शोषित जनताले चलाएको जनसङघर्ष र आन्दोलनमा गरेका त्याग, सङ्घर्ष, बलिदान र उत्सर्गको उच्च सम्मान गर्दै, जनताको सार्वभौमिकता, सङ्घीय शासन प्रणाली, बहुलतायुक्त खुला समाज, नागरिक स्वतन्त्रता, वालिग मताधिकार, आवधिक निर्वाचन, समावेशी लोकतन्त्र, बहुदलीय प्रतिस्पर्धा, समानुपातिक समावेशीता, संवैधानिक सर्वोच्चता, कानूनी राज्य, मौलिक हक एवम् मानव अधिकार, नागरिक र राजनीतिक अधिकार,आर्थिक सामाजिक र सांस्कृतिक अधिकार, अल्पसङ्ख्यक अधिकार, महिला पुरूष बिच समानता, शक्तिपृथकीकरण, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, प्रेस स्वतन्त्रता, जनताको आत्मनिर्णयको अधिकार, स्वायत्तता र स्वशासन, समानतामा आधारित सन्तुलित परराष्ट्रनीति, छिमेकी राष्ट्रहरू सँग मित्रभावका साथ सह-अस्तीत्व कायम गर्दै नागरिकको सामाजिक सुरक्षा, सामाजिक तथा आर्थिक न्यायको सिद्धान्त र समाजवादी लोकतन्त्रको मूल्य मान्यतालाई आत्मसात गर्दै, सामन्ती, पितृसत्तात्मक, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गरी आर्थिक र सामाजिक न्याय प्राप्ति सँग-सँगै राजनीतिक,




आर्थिक, सामाजिक र साँस्कृतिक लोकतन्त्रमा आधारित समाजको निर्माण गर्ने, जहाँ प्रत्येक व्यक्ति र समुदायका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा, सामाजिक सुरक्षा, रोजगार, सबैका लागि स्वास्थ्य जीवन, खाद्य सुरक्षा तथा उन्नत पोषण, आवासका साथै राष्ट्रको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा “राष्ट्रिय जिवनका सबै उपलब्धीहरू समानरूपमा सबैका लागी, विनाभेदभाव प्राप्तहुने समाज राज्य ब्यबस्था” निर्माण गरी उत्पादनका साधानहरूको सामाजिकरण गर्दै, स्वदेशमै रोजगारीका अबसरहरूको सृजना गरी समाजवादी अर्थ ब्यबस्था र राजनीतिक र सांस्कृतिक बिकास गर्न प्रतिवद्ध हुँदै, हाल सम्म प्राप्त भएका सबै उपलब्धीलाई जोगाउदै नेपाली जनताको उन्नयन र प्रगतिका लागि लगनसिल रही पर्यावरणीय सन्तुलन तथा समग्र राष्ट्रिय खुसी (Gross National Happiness) का सुचाङ्कहरू उचाईमा पुऱ्याउदै देशमा विद्यमान सबैखाले समस्याहरूको हल गर्न संबैधानिक र कानुनी ब्यबस्थाहरू समेत समयानुकुल संशोधन र परिवर्तन गर्दै जनताको सर्वोपरि हितका लागी सदन, सडक र सरकारको मोर्चावाट समेत खवरदारी गर्ने सशक्त, जनताप्रति जिम्मेवार सामाजिक उत्तरदायित्व बोकेको पार्टी जनता समाजवादी पार्टी, गठन भएको हो भन्ने ब्यहोरा आम नेपाली जनसमुदायमा अवगत गराउँदै यो पार्टी गठनको आबश्यकता निम्नानुसार स्पष्ट गर्न चाहन्छौ ।

(१) २०७२ सालमा जनता समाजवादी पार्टी नेपाल मुलत सङ्घीय समाजवादी पार्टी, खस समावेशी राष्ट्रिय पार्टी र मधेसी जनअधिकार फोरम नेपालको एकिकरणवाट सङ्घीय समाजवादी फोरम नेपाल वन्यो । त्यस पछि नयाँ शक्ती पार्टी सँग एकिरण भए पछि समाजवादी पार्टी बन्यो र राजपा सँग एकिकरण भए पछि २०७७०१।१० मा जनता समाजवादी पार्टी, नेपाल निर्माण भयो । संस्थापनका प्रमुख नेताको हठ र अलोकतान्त्रिक चरित्रका कारण, सामुहिक नेतृत्व र समानुपातिक सहभागिताको मुल्य र मान्यता, हिमाल,पाहाड र मधेसका जनताको भावना अनुसार पार्टी संचालन नगरी एकलौटी ढंगले पार्टी हाक्ने नियतिले गर्दा यो जनता समाजवादी पार्टी नेपाल दुई दशक नवित्दैमा पटक पटक टुटफुट हुदै ईतिहासको यस काल खण्डमा चन्द्रमा लागेको दाग झै नमेटिने गरी प्रमुख नेतृत्वमा दाग लागेको छ । यस्तो बिसम परिस्थितीमा हामी मुख दर्शक वन्न नसकि राष्ट्र र जनता प्रति पतिवद्ध भएर मुल्य र मान्यता सहित विधानको ब्यबस्था अनुसार विधिवत रूपमा सामुहिक नेतृत्व, समावेशि प्रतिनिधित्वको आधारमा पार्टीको मार्गदर्शक सिद्धान्त सङ्घीय समाजवाद र संङगठनात्मक सिद्धान्त लोकतान्त्रीक अकेन्द्रीकरणको सिद्धान्त अनुसार पार्टी संचालन गर्न हामी प्रतिबद्ध रहेका छौ ।

२) जसपा, नेपालको विधान २०८०, विधान अधिवेशन वाट निर्माण भएको विधान हो । यस विधान अनुसार लोकतान्त्रीक मुल्य मान्यताबाट पार्टी संचालन गर्ने भन्ने भएपनि विद्यमान पार्टीका सवै संरचनाहरू तदर्थ समितिको रूपमा रहेका र केन्द्रीय आयोगहरू समेत नभएको अबस्थामा पार्टी कमिटीहरूमा निर्णय भए भन्दा फरक रूपले ब्यबहार गर्ने, अन्य पदाधिकारीको सह-अस्तित्व स्विकार नगर्ने प्रवृतीले गर्दा संङ्घीय संरचना भएको मुलुकमा यस किसिमले पार्टी संचालन गर्दा अन्तत्वगत्वा पार्टीनै ध्वस्त हुने अबस्ता र क्षेत्रीय पार्टीको रूपमा पार्टी रूपान्तरण हुने अवस्था पार्टी नेतृत्वको ब्यवहार र चरित्रवाट देखिएकाले पहिचानसहितको सङ्घीयता, समतामुलक सम्मृद्धि, तथा अग्रगामी परिवतर्नका पक्षमा रहेका नेतृत्वले चक्रब्युहवाट मुक्ति लिन आबश्यक भएकाले छुट्टै ”जनता समाजवादी पार्टी“ नामक राजनीतिक दल गठन गरी कुशल नेतृत्व र विधानसम्मत पार्टी सञ्चालन गर्ने निधो लिएका छौँ ।

३) जनता समाजवादी पार्टी नेपालले आगामी २०८१ साल जेष्ठ २८,२९ र ३० गते राष्ट्रिय महाधिवेशन गर्ने निधो गरेपछि विधानमा भएको ब्यबस्था वमोजिम सङ्गठीत सदस्यता नविकरण गर्ने, पार्टी सदस्यताको लगत सङ्गठन विभागमा राख्दा पार्टी सदस्यता र सङ्गठित सदस्यताको अभिलेख छुट्टा छुट्टै राख्ने भन्ने विधानको ब्यबस्थालाई बर्खिलाप गरी सङ्गठित सदस्यताको अभिलेखलाई अद्यावधिक नगरी हतारमा महाधिवेशन प्रकृयामा प्रवेश गर्दा अधिवेशन पछि पार्टी नरहने सङ्गठन कमजोर हुने र क्षेत्रीय पार्टीको रूपमा रूपान्तरण हुने देखि हामीले सकारत्मक सुझाव दिएका थियौं । तर अध्यक्ष मा.उपेन्द्र यादव सयुक्त राज्य अमेरिकाको भ्रमणमा रहदा अध्यक्षको कार्यवाहक राजेन्द्र प्रसाद श्रेष्ठलाई दिए पनि आफ्नै एकल निर्णय र निर्देशनमा विधानविपरीत महाधिवेशन निर्वाचन तदर्थ समिति गठन गरी निर्वाचन निर्देशिका समेत कार्यकारिणी समितिवाट स्विकृत नगराई सिधै कार्यान्वायनमा लगेको हुदा अधिवेशनको कार्यविधिमै कानुनी पश्न उठ्ने देखि गलत निर्णयलाई समर्थन नगरिएको हो । साथै केन्द्रीय समितिका सदस्यहरू महाधिवेशनका आयोजक हुने विधानको ब्यबस्था विपरीत आफ्नो नजिकका नेताहरूलाई संलग्न गरी महाधिवेशन परिचालन तथा ब्यबस्थापन समिति गठन गरी आर्थिक ब्यबस्थापन तथा खर्च पारदर्शि नहुने गरी विभिन्न शिर्षकहरूमा अनियमित खर्च समेत हुन सक्ने अबस्था छ ।

पार्टी विभाजनका मुख्य कारणहरू :

१. वैचारिक-सैद्धान्तिक

(क) पार्टी घोषणा-पत्र र विधानमा उल्लेखित सङ्घीय समाजवादलाई सो केसमा थन्क्याई सामाजिक लोकतन्त्रको वकालत गर्नु ।

(ख) पार्टीको सङ्गठनात्मक सिद्धान्त लोकतान्त्रिक अकेन्द्रीकरणको नीतिअनुरूप आन्तरिक लोकतन्त्रको अभ्यास नगर्नु र विधानबमोजम प्रदेशहरूको अधिकार प्रदेशलाई प्रयोग गर्न नदिई अकेन्द्रीकरणको सिद्धान्त उल्लङ्घन गर्नु ।

२. सङ्गठनात्मक

(क) सामुहिक नेतृत्व र समावेशी प्रतिनिधित्वको नीतिविपरीत हुने गरी अध्यक्षात्मक प्रणालीमा जस्तो एकल निर्णय गर्नु ।

(ख) सिद्धान्तमा सङ्घीय ढाँचाको पार्टी भन्ने व्यवहारमा केन्द्रिकृत रूपमा पार्टी चलाउनु, जिल्ला र पालिकासम्म हस्तक्षेप गर्नु ।

(ग) राज्यसँग प्रदेशहरू स्वायत्त र अधिकारसम्पन्न हुनुपर्छ भनेर माग गर्नु तर पार्टीमा उल्टो काम गर्नु ।

३. ` कार्यशैली :

(क) पार्टीका सिनियर नेताहरू नभएको बेला आफू अनुकूलको निर्णय गरी बिदेश भ्रमणमा जानु ।

(ख) पार्टीको केन्द्रीय कार्यकारिणी समितिको मा.दीपक कार्कीलाई स्वास्थ्य राज्यमन्त्रीमा जिम्मेवारी दिने निर्णयविपरीत वन राज्यमन्त्रीमा सपथ ग्रहण गराउनु ।

(ग) पार्टी सरकारमा भएको वेला सम्बन्धित मन्त्रीलाई जानकारी नगराई मन्त्रालयका उच्च पदस्थ कर्मचारीहरूलाई वोलाई दवाबमुलक र आफु अनुकुलका काम गर्न निर्देशन दिनु ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# विगतमा भएका कमिकमजोरीलाई सच्याएनौं भने हामी पछाडि पर्छौं

**० सरकारले केही दिनअघि अध्यादेशमार्फत आर्थिक क्षेत्र सम्बद्ध ८ कानुन संशोधन गरेको छ । लगानी सम्मेलनका मुखमा भएको कानुन संशोधनले नेपाल भित्रिने विदेशी लगानी तथा स्वदेशी लगानीमा कस्तो प्रभाव पर्ला ?**

– वास्तवमा यी कानुन करिब एक वर्षदेखि परिवर्तन गराउन निजी क्षेत्र लागेको लाग्यै थियो । तर, ढिलै भए पनि काम भएको छ । वन ऐन, जग्गा हदबन्दी, औद्योगिक–व्यावसायिक ऐनलगायत ऐनहरूको संशोधनले नेपालमा लगानीको वातावरण छैन, यहाँ समस्या धेरै छ, लगानीको वातावरण छैन भन्ने कुरालाई सम्बोधन गरेको छ । मलाई लाग्छ परिवर्तन भएका कानुन तुरुन्तै कार्यान्वयनमा लानुपर्छ । उद्योग वाणिज्य महासंघको अध्यक्षको हैसियतमा भन्नुपर्दा लगानी सम्मेलनअघि नै यसबारे विश्व समुदायमा सकारात्मक सन्देश फैलाउनुपर्छ । सरकाले स्वदेशी तथा विदेशी लगानीकर्ताको आत्मविश्वास बढाउन, लगानीको वातावरण बनाउन, लगानी प्रवर्द्धन गर्न कानुनहरूको संशोधनले एकदमै महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास छ । कानुनका कारण लगानी गर्न समस्या भइरहेका बेला यी कानुन संशोधनले एक हिसाबको सकारात्मक धारणा विकास गर्न सहयोग पुग्ने छ ।

**० कतारका अमिर (राजा) को भर्खरैको राजकीय भ्रमण, त्यस क्रममा भएका नेपाल–कतार वाणिज्य परिषद् स्थापना सम्झौतालगायत द्विपक्षीय लगानी सम्झौताबाट आसन्न लगानी सम्मेलनमा कस्तो प्रभाव पार्ला ?**

– कतारको अमिरको नेपाल भ्रमण फलदायी नै भएको छ । उद्योग वाणिज्य महासंघ र कतार चेम्बरबीच भएको वाणिज्य परिषद् स्थापनाको सम्झौताले वास्तवमा दुवै देशका लगानीकर्तालाई एकदमै प्रेरणा मिलेको छ । कतारको व्यावसायिक क्षेत्र र मिडियाले यस विषयलाई दिएको प्राथमिकताले पनि यसको पुष्टि गर्छ ।

नेपाल र कतारको हवाई दुरी चारदेखि साढे चार घण्टा हो, यहाँ कतारबाट दैनिक चार–पाँच उडान भइरहेको छ । कतार सानो देश भए पनि सम्पन्न, लगानी गर्न बलियो, प्रतिव्यक्ति आम्दानी यावत हिसाबमा अगाडि छ । मलाई लाग्छ महासंघ र कतार चेम्बरबीच भएको वाणिज्य परिषद् स्थापनाका लागि भएको सम्झौता जुन कतारका राजा र हाम्रा प्रधानमन्त्रीको उपस्थितिमा भयो, त्यसले एकदमै सकारात्मक सन्देश दिएको छ । कतारबाट वृहत लगानी ल्याउन हामीलाई यसबाट उल्लेख्य सहयोग हुने विश्वास छ ।

**० कतारी अमिरको भ्रमण क्रममा विभिन्न सम्झौता भयो । यसबाट हाम्रो अर्थतन्त्रमा कस्तो फाइदा पुग्छ ?**

– हाल कतारमा साढे ३ लाखभन्दा बढी नेपाली काम गरिरहेका छन् । कतार नेपालीको रोजगारीको ठूलो गन्तव्य हो । सँगसँगै कतारी अमिरको उपस्थितमा भएका सम्झौताले लगानीका लागि बाटो खोल्छ भन्ने विश्वास छ । कतारीहरूसँग प्रशस्त पैसा छ तर लगानी गर्ने ठाउँ खोजिरहेका छन् । कतारीलाई नेपाल लगानीको राम्रो गन्तव्य हुन सक्छ । नेपालको पर्यटन, जलविद्युत्, खानेपानी, कृषि उत्पादन, सूचना प्रविधि क्षेत्रमा कतारीको लगानी ल्याउन सकिन्छ । कतारी अमिरको भ्रमण र हामीबीच भएको सम्झौताबाट नेपालमा लगानीको ढोका खुल्ने विश्वास छ ।

**० यसअघि दुई पटक लगानी सम्मेलन भयो । त्यस क्रममा अर्बौं अर्ब परिमाणको विदेशी लगानी प्रतिबद्धता भएका थिए । तर, कालान्तरमा ती लगानी पूर्णरूपमा आउन सकेनन् । यसपालि तेस्रो सम्मेलनमा पनि यस्तै हुने त होला ?**

– अब तेस्रो सम्मेलनमा यस्तो नहोस् भनेर हामी चनाखो भएका छौं । पहिलो र दोस्रो सम्मेलनमा भए गरेका कमजोरी, कानुनका कारण भएका अप्ठेराजस्ता अनुभव सँगालेर यसपालि हामी सुधार्दै जाने गरी अगाडि बढेका छौं । त्यहीअनुसार अहिले कानुनहरू संशोधन भएका छन् । द्विपक्षीय लगानी सम्झौताको टेम्प्लेट मन्त्रिपरिषद्ले अनुमोदन गरिसकेको छ । लगानी हिसाबमा नेपालको कुरा गर्दा केही समयअघि प्रधानमन्त्रीको भारत भ्रमण क्रममा १० हजार मेगावाट विद्युत् बिक्री सम्झौता भयो, यो आगामी दिनमा अझै बढ्दै जाने विश्वास छ । बंगलादेशसँग पनि हाम्रो राम्रो विद्युत् व्यापार हुन सक्छ । मलाई के लाग्छ भने आउने दिनमा यी क्षेत्रमा बजार व्यापक छ, हामीसँग परियोजना छन् र यसका लागि विदेशी लगानीको ठूलो आवश्यकता छ । यसमा विदेशी लगानीकर्ता आकर्षित हुने विश्वास छ ।

**० यसअघिका लगानी सम्मेलनमा उद्योग स्थापना गर्न, बन्द गर्न, लगानी फिर्ता लैजान लगायत काम एकद्वार प्रणालीमार्फत गरिने बहस भएका थिए । तर, पछि त्यसै सेलायो । यसमा निजी क्षेत्र तातेको भए काम हुन सक्थ्यो, तर भएन । के निजी क्षेत्रबीच नै समन्वय नभएको हो ?**

– वास्तवमा एकद्वार प्रणाली हुनुपर्छ भनेर निजी क्षेत्रले नै उठाएको विषय हो । धेरै निकाय धाउनुपर्ने भएकाले समय, खर्च, लगानीका कुराले एकदमै गाह्रो हुन्छ, बरु एउटै निकायबाट काम हुने गरौं भन्ने उद्देश्यले निजी क्षेत्रले एकद्वार प्रणाली बनाउनुपर्छ भनेर सुझाव दिँदै आएको छ । त्यहीअनुसार एउटा इकाइ स्थापना पनि भएको छ, तर त्यो 'वान विन्डो' नभई 'एडिसनल विन्डो' जस्तो भएको अवस्था छ । यसको कारण के हो भने हरेक निकाय आफ्नो भूमिका छाड्न नचाहने परम्परा वा 'माइन्ड सेट' भएर हो । तथापि, अब यस्ता कुरा हुँदैन, लगानीकर्तालाई दुरुत्साहन गरेर, उनीहरूले चाहेजस्तो लगानीको सहज वातावरण बनाएनौं भने हामी धेरै पछाडि पर्छौं । विगतमा भएका कमिकमजोरीलाई सच्याएनौं भने हामी साँच्चै नै पछाडि पर्छौं । त्यही भएर एकद्वार प्रणालीमा हामी नगई सुखै छैन ।

**० नेपालका उद्योगी–व्यवसायीहरूको छाता संगठनको नेतृत्व हाँक्नुभएको एक वर्ष भयो । यो अवधिको अनुभव र महासंघको भूमिकालाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

– एक वर्षको कुरा गर्दा, जुनबेला मैले नेतृत्व सम्हालें त्यतिबेला अर्थतन्त्रको अवस्था भयावह नै थियो । एकदमै डरलाग्दो अवस्था थियो । त्यसलाई आधार मानेर ५ वटा कुरामा हामीले जोड दियौं । त्यतिबेला क्राइसिस थियो, त्यहाँबाट कसरी बाहिर निस्किने भन्ने थियो । त्यस्तै एउटा लगानी थियो, लगानी कसरी भित्र्याउने भन्ने थियो । अर्को चाहिँ, सरकार र निजी क्षेत्रमा एकअर्कालाई सधैं आरोप लगाउने मात्रै थियो । त्यसलाई कसरी सहकार्य गरेर अगाडि बढ्ने भन्ने थियो । अर्को, नेपालमा दक्ष नभई जनशक्ति बाहिर जान्छ, त्यसलाई रोक्न खोज्ने योजना थियो । दक्ष जनशक्ति बनाउने हाम्रो काम थियो । निजी क्षेत्रप्रतिको दृष्टिकोण कस्तो छ भने निजी क्षेत्र भनेको फाइदाका लागि मात्रै काम गर्छ भन्ने थियो, त्यसलाई हटाएर लगानी गरेर अर्थतन्त्रमा योगदान दिँदै गएपछि सरकारको तर्फबाट 'रिकग्नाइज' हुने काम गर्‍यौं ।

त्यति बेला क्राइसिस थियो, अर्थतन्त्र खुम्चिएको अवस्थामा थियो हामीले सरकारलाई बजेटमा, मौद्रिक नीतिमा पटक–पटक सुझाव दिएर क्रमशः ती चिज सजिलो हुँदै गयो । यद्यपि, अहिले पूरै कम्फरटेबल (सहज) भइसकेको भन्ने होइन, तर त्यतिबेला सहजीकरण गर्‍यौं । त्यो बेला अर्को हामीले के गर्‍यौं भने हामीले एउटा आर्थिक बहस सुरु गर्‍यौं । त्यसमा सबैको र आफ्नो तर्फबाट पनि एउटा बलियो कुरा राख्यौं । त्यसपछि सरकारले अर्थतन्त्रका लागि सर्वपक्षीय बैठक नै राख्यो । त्यहाँबाट केही निर्णय भएर त्यो निजी क्षेत्रले मागेका केही कुरा प्राप्त गर्‍यौं ।

अहिले लगानी सम्मेलनका लागि पनि हामीलाई आयोजक बनायो । त्यसमा हामीले लगानीकर्ताका लागि वातावारण बनाउन के–के गर्नुपर्छ भन्यौं । बीचमा नेपाल विद्युत् प्राधिकरण र उद्योगी–व्यवसायीबीच विवाद भएको थियो, त्यो बेला हामीले पहल गरेर केही अवधिसम्म विद्युत् लाइन नकाट्न भन्यौं । लाइन काटेपछि पनि लाइन खुलाउनका लागि हामीले पहल गर्‍यौं । त्यो चिज चाहिँ समाधान गर्न अर्धन्यायिक



**चन्द्रप्रसाद ढकाल**

**अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ**

आयोग पनि गठन भयो । त्यो हाम्रो पहल हो ।

यतिभन्दा पनि पोलिटिकल आइडोलोजी (राजनीतिक दर्शन) त छँदैछ, त्योभन्दा पनि देशको अर्थतन्त्रबारे सबै राजनीतिक दल एकै ठाउँमा उभिन भन्यौं र साधारणसभामा बोलाएर कमिन्टमेन्ट (प्रतिबद्धता) गर्न लगायौं । इकोनोमिक एजेन्डा (आर्थिक मुद्दा) मा प्रतिबद्ध छौं भन्न लगायौं । साधारणसभामा प्रधानमन्त्री, पूर्वप्रधामन्त्री सहित सबै राजनीतिक दललाई इकोनोमिक एजेन्डामा एक ठाउँमा छौं भन्ने सन्देश दिन सक्यौं । अहिले भर्खरै कतारका अमिर आएका बेला उद्योग वाणिज्य महासंघसँगको सम्बन्धित कुरामा हामीले पहल गर्‍यौं । समझदारीपत्र र वाणिज्य परिषद् स्थापना गर्ने कुरामा हस्ताक्षर भयो । यो निजी क्षेत्रले गर्व गर्न लायक काम पनि हो । यसले नेपालमा रहेका निजी क्षेत्र र कतारी निजी क्षेत्र नेपाल आउन महत्त्वपूर्ण भूमिका खेल्छ भन्ने लागेको छ । अहिले निजी क्षेत्रलाई साथ लिएर जाने हिसाबको वातावरण बनेको छ । आउने दिनमा त्यो अझै हुनेछ भन्ने लागेको छ । मेरो एक वर्षको उपलब्धिका हिसाबले म आफूलाई ठिकै गरेको छु भन्ने लागेको छ ।

**० पछिल्लो पटक नेपालको अर्थतन्त्र एकदमै कठिन अवस्थाबाट गुज्रिरहेको छ । यस्तो अवस्था कहिलेसम्म रहला जस्तो लाग्छ ?**

– अहिले अर्थतन्त्रका वाह्य सूचकहरू सकारात्मक भए पनि व्यसायीहरूको मनोबल खस्केको अवस्था छ । पहिला हाम्रो फरेन करेन्सी रिजर्भ (विदेशी विनिमय सञ्चिति) कम भएको डर थियो, तर अहिले हामीसँग प्रशस्त रहेको छ । रेमिट्यान्स पनि आइरहेको छ । रेकर्ड नै ब्रेक छ । पर्यटक आउने क्रम पनि बढेको छ । लगानीका लागि बैंकहरूमा पनि पर्याप्त तरलता छ । अहिले लगानीका लागि राम्रो वातावारण छ । तर, पनि लगानीका लागि कन्फिडेन्स राम्रो भएको छैन आन्तरिक नीतिका कारण । त्यो अब बढाउनुपर्छ । अब आउने बजेट र मौद्रिक नीतिमा लगानीको वातावरण हुने गरी थोरै खुकुलो बनाउने हो भने अब आउने समयमा छिट्टै रिभाइभ ( पुनरुत्थान) हुन सक्छ ।

**० निजी क्षेत्रले कोरोना महामारीयता भोग्दै आएका समस्या समाधानमा सरकारको पहलमा सन्तुष्ट हुने ठाउँ छ ?**

– कोरोना नेपालमा मात्रै नभएर विश्वभरि नै आएको हो । धनी देशले सरकारका तर्फबाट व्यसायीलाई सब्सिडी (अनुदान) दिएर सहयोग गरे । तर, नेपालमा त्यो लेभल (तह) मा हुन सकेन । सरकारले आफ्नो लागत नआउने गरी पोलिसी लेभलबाट केही राहतजस्तो त गरेको थियो । अन्य त बाहिरी देशसँग तुलना गरेर हेर्दा नेपालमा त्यस्तो भएन । कुनै देशले त क्यास (नगद) नै दिएको थियो, यस्ता कारण पनि केही व्यवसायीलाई कन्फिडेन्स नआएको हो कि जस्तो देखिन्छ । तर, सरकारले अब नेपालमा साना तथा मझौला उद्योगलाई कन्फिडेन्स सपोर्ट गर्नुपर्ने छ । अहिले फरेन रिजर्भ र बैंकमा लगानीको हिसाब पनि राम्रो छ । अहिले सबै सूचक राम्रो भएका बेला रिभाइभ गर्न सबैले कमन इफोर्ट लगाउन सके पहिलाको भन्दा पनि राम्रो हुन सक्छ भन्ने मलाई लाग्छ ।

**० महासंघमा बाँकी कार्यकालमा स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन तथा निजी क्षेत्रलाई थप उचाइमा पुर्‍याउन के कस्ता काम गर्ने योजना बनाउनुभएको छ ?**

– एक वर्षले चाहिँ मलाई के लागेको छ भने एउटा लेभलको फाउन्डेसन ( संरचना) तयार भएको छ । पहिलो कुरो लगानीकर्ताहरूको बाधा अड्चन हटाउन सकेका छौं । कतिपय देशमा भएको बिजनेस समिटले पनि नतिजा दिन्छ भन्न सकिन्छ । निजी क्षेत्र चाहिँ साँच्चै अर्थतन्त्रको इन्जिन हो है भन्ने स्थापित गर्‍यौं । यो कुरा अगाडि लगेर लबिङ, एडभोकेसी गर्नुपर्ने छ । अझै लगानीका लागि भएका बाधा अड्चन र कानुनी बाधा हटाउन काम गर्नुपर्ने छ । अहिले एक वर्षमा पाएको फाउन्डेसन र फिडब्याक (प्रतिक्रिया) सहित अगाडि बढ्दा अबको दुई वर्षमा राम्रो रिजल्ट आउँछ जस्तो लाग्छ ।

# 'सर्वोच्च अदालतको आदेशले प्रेस स्वतन्त्रता धरापमा पर्ने संकेत'

काठमाडौं । सर्वोच्च अदालतबाट जारी भएको आदेशले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित पार्ने संकेत देखिएको विभिन्न वक्ताहरुले धारणा राखेका छन् । मंगलबार संवाद डबलीमा आयोजित 'प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षाका लागि हाम्रो भूमिका विषयक' अन्तरक्रियामा उनिहरुले संविधानको व्याख्याकार सर्वोच्चबाटै कानुनी प्रावधान उल्लङ्घन भएकोसमेत आरोप लगाएका छन् ।

नेपाल पत्रकार महासंघका अध्यक्ष बिपुल पोखरेलले सर्वोच्च अदालतबाट जारी आदेश नेपालको संविधानमा उल्लेख भएको पूर्ण प्रेस स्वतन्त्रता कुण्ठित गर्न लागेको आशंका उब्जेको बताएका छन् । नेपाली पत्रकारहरुलाई राज्यका तीनवटै अंगले प्रेस स्वतन्त्रता खोस्न सक्रिय भएको आरोप लगाउँदै अध्यक्ष पोखरेलले भने, "सरकार र व्यवस्थापिकाले हामीलाई झस्काउँदा अदालत छ भन्ने हुन्थ्यो तर न्यायालयको पछिल्लो फैसलाले झस्काएको छ ।" अध्यक्ष पोखरेलले प्रेस स्वतन्त्रताको रक्षाको लागि जस्तोसुकै संघर्ष गर्न पनि तयार रहेको र अदालतले आफ्नो कदम सच्याउनेमा विश्वास रहेको बताए ।

कार्यक्रममा वरिष्ठ अधिवक्ता राम नारायण बिडारीले कुनैपनि स्वतन्त्रता उपभोग गर्दा अरुको अधिकार हनन् हुनु नहुने बताए । "संविधान अधिकार दिएको छ भन्दै जे मन लाग्यो त्यही गर्न कसैलाई छुट छैन" बिडारीले भने । सञ्चार माध्यममा प्रकाशित भएको भनिएको अडियो सत्य भए संलग्नहरुमाथि कारवाही हुने र अडियो झुठो भए समाचार लेख्ने पत्रकारले दुःख पाउने बताए । पत्रकारिता मर्यादित र आचारसंहितामा बाँधिएर गर्नुपर्ने बताउँदै बिडारीले संविधानको पालना सहितको प्रेस स्वतन्त्रता उपभोग गर्न सबै स्वतन्त्र भएको बताए ।

अदालत सर्वेसर्वा नभएकोले उसले गर्ने गल्तिमाथि सबैले खबरदारी गर्नसक्ने बताउँदै बिडारीले भने, "सर्वोच अदालतहरुको सर्बोच्च हो,त्यो भन्दा पनि माथि संविधान हो, त्यसलाई औंला ठड्यान नपाई भन्ने होइन तर त्यसको आदेशलाई अवज्ञा कसैले गर्न मिल्दैन ।"

कार्यक्रममा त्रिभुवन विश्वविद्यालय आमसञ्चार तथा पत्रकारिता विभागका निवर्तमान प्रमुख चिरञ्जीवी खनालले समाचार लेखेकै आधारमा पत्रकारमाथि फौजदारी कानुन लगाउने र समाचार हटाउने कार्य संविधान विपरित भएको बताए ।

प्राध्यापक खनालले सञ्चार माध्यममा प्रकाशित समाचार सम्पादकले समाचार स्रोत र विश्वसनियतामा टेकेर समाचार सम्प्रेशण गरेको खण्डमा अन्य कानुन आकर्षित गरेर कारवाही गर्न नमिल्ने बताए । आचारसंहितामा रहेर पत्रकारिता गरेको खण्डमा पत्रकारितामाथि औंला उठ्ने सम्भावना नहुने बताउँदै त्यसमा सतर्क हुनुपर्नेमा जोडा दिए ।

कार्यक्रममा नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्सालले प्रेस स्वतन्त्र रक्षाको लागि प्रेस युनियन निरन्तर सक्रिय रहेको बताउँदै अदालतको पछिल्लो आदेशले नेपाली प्रेस जगतलाई झस्काइदिएको बताए ।

अध्यक्ष लम्सालले समाचार लेख्ने पत्रकारलाई फौजदारी मुद्दा चलाउने र समाचार हटाउने सर्वोच्च अदालतको आदेश संविधान विपरत भएको बताए । प्रेस काउन्सिलले समेत संविधान बमोजिम प्रेस स्वतन्त्रता स्थापित गर्न असफल भएको समेत लम्सालले आरोप लगाए ।

कार्यक्रममा प्रेस सेन्टर नेपालका महासचिव सन्तोष पौडेलले समाचारमा त्रुटी भएमा सम्बन्धित सञ्चार माध्यमले नै सच्याउन सक्ने व्यवस्था हुँदाहुँदै अधिकार क्षेत्र मिचेर आदेश जारी गरेर स्वतन्त्रता हनन् गरिएको बताए । महासचिव पौडेलले प्रेस स्वतन्त्रताको रक्षाको लागि आफ्नो संगठनले निरन्तर संघर्ष गरिरहेको स्मरण गराउँदै आगामी दिनमा पनि प्रेस स्वतन्त्रताको रक्षाको लागि सम्झौता नगर्ने बताए ।

पिपुल्स भोलेन्टियर्स जर्नालिष्ट फोरमका संयोजक नबराज न्यौपानेले सर्वोच्च अदालतको आदेशले प्रेस स्वतन्त्रता मात्रै उल्लंघन नगरी मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्रको समेत उल्लंघन भएको बताउँदै उक्त आदेश सच्याउनुपर्ने बताए ।

संयोजक न्यौपानेले सर्वोच्च अदालतको त्रुटीपूर्ण आदेशविरुद्धमा सबै सञ्चार माध्यमहरुले सम्पादकीय लेखेर विरोध जनाउन र एकताबद्ध हुन आह्वान गरेका छन् ।

# कास्कीमा राष्ट्रिय एकता अभियान विस्तार




काठमाडौं । राष्ट्रिय एकता अभियान कास्कीमा सङ्गठन विस्तार गरेको छ । सङ्घीय हिन्दु गणतन्त्र नेपालको स्थापनाको लागि सक्रिय अभियानले कास्की जिल्लामा १५ सदस्यीय कार्यकारिणी समिति गठन गरेको हो ।

समितिको अध्यक्षमा सुनिल मर्सिनि चयन भएका छन् भने उपाध्यक्षमा टिका कुमारी छिरिङ र सचिवमा अनुपमणि अधिकारी चयन भएका छन् । अभियानका केन्द्रीय अध्यक्ष विनय यादवको उपस्थितिमा कास्की जिल्ला कमिटी गठन गरिएको थियो ।

कार्यक्रममा बोल्दै अध्यक्ष यादवले हिन्दु धर्म नै राष्ट्रिय एकताको मूल मन्त्र भएको उल्लेख गरे । राष्ट्र र राष्ट्रियता जोगाउन नेपाललाई हिन्दु गणराज्य घोषणा गर्नु पर्ने कुरामा जोड दिए । नेपाललाई धर्मनिरपेक्ष देश घोषणा गर्दा राष्ट्रिय एकता कमजोर भएको समेत उनले बताए ।

पोखरा अंतराष्ट्रीय विमानस्थलमा अंतराष्ट्रीय व्यवसायिक विमान यथाशीघ्र संचालनको व्यवस्था गर्नु पर्ने मांग समेत राखे । पोखरा विमानस्थललाई चीनले बीआरआईसँग जोडर अंतर्राष्ट्रिय रुपमा भ्रम फैलाएको हुनाले त्यसको तत्काल खण्डन र चीनलाई कूटनीतिक नोट नेपाल सरकारले मांग नगरून्जेल अंतराष्ट्रीय समुदाय एयरपोर्ट प्रतिको संदेह नहटने बताए । एयरपोर्टमा भएको भ्रस्टाचारीहरुलाई कार्यवाहीको दायरामा नलाये सम्म आफुहरुको आन्दोलन जारी रहने बताए ।

कार्यक्रममा पूर्वराज्यमन्त्री तथा नेपाली काँग्रेसका नेता महादेव गुरुङ लगायत विशिष्ट व्यक्तिको उपस्थिति रहेको थियो ।

## मधेश अपडेट

### किसानहरूलाई डाले घासको बीउ वितरण

महोत्तरी । जिल्लाको मटिहानी नगरपालिकाले पशुपालक किसानहरुलाई डाले घासको बीउ वितरण गरेको छ । डाले घासको बीउ वितरण कार्यक्रमको शुभारम्भ मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलले गरेका हुन् । त्यसै क्रममा बोल्दै प्रमुख मण्डलले यो डाले घासको बिउले उत्पादन हुने घास पशुलाई अत्यधिक पौष्टिकता पुग्ने विश्वास व्यक्त गरे । मटिहानी नगरपालिका र हेफर प्रोजेक्ट नेपालको सहयोगमा सञ्चालित "कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास परियोजना" अन्तर्गत उक्त परियोजनाले गठन गरेको विभिन्न महिला समूहका जम्मा २०० जना महिलालाई डाले घास (५५० ग्राम मेनदोला, १२० ग्राम भटमासे र १५० ग्राम बकाइनो) वितरण गरेको कुरा उक्त परियोजनाका संयोजक महेश राय यादवले बताए । उक्त कार्यक्रममा वडा नं ३, ६ र ७ का वडा अध्यक्षहरू क्रमश: नाजिर मिया, कलीम अंसारी र जितनारायण माझी, हेफर प्रोजेक्टका बरिष्ट कार्यक्रम अधिकृत मिथिलेश झा, कृषि, पशु शाखाका शाखा प्रमुखहरु, हेफर प्रोजेक्टका कर्मचारीहरू र विभिन्न महिला समूहका महिलाहरू लगायत स्थानीयहरूको उपस्थिति रहेको थियो ।

### ट्राफिक सचेतना कार्यक्रममा तीव्रता

इमरान खान, कपिलवस्तु । जिल्लाको सदरमुकाम तौलिहवा लगायत आसपासका क्षेत्रमा ट्राफिक प्रहरी कार्यालय तौलिहवाले ट्राफिक सचेतना कार्यक्रममा तीव्रता दिएको छ । ट्राफिक प्रहरी कार्यालय तौलिहवा मताहत क्षेत्रमा सवारी चालक, पैदल यात्रु तथा स्कूल बसका विद्यार्थी गरी पछिल्लो तीन महिनामा लगभग दुई हजार जनामा ट्राफिक ऐन नियम, संकेत तथा दुर्घटना सम्बन्धमा जनचेतना मूलक विभिन्न कार्यक्रम संचालन गरिसकेको तथा सो कार्यक्रमलाई निरन्तरता दिइने ट्राफिक प्रहरी कार्यालय तौलिहवाका प्रमुख प्रहरी वरिष्ठ नायब निरीक्षक अशोक कुमार खड्काले जानकारी दिए । सदरमुकाम बजार क्षेत्र ६ लेन सडक अवधारणा भइसकेकाले सबैलाई लेन पालनामा सचेत गराइएको, विगतको तुलनामा हाल बजार क्षेत्रमा लेन पालना भएको समेत खड्काले बताए । सवारी नियम उल्लंघन गर्ने सवारीहरु उपर सवारी कार्वाही गरिएको सवारी कार्यवाही विगतमा नगदी रसिद मार्फत गरिने गरिएकोमा हाल आनलाइन बैंकिंग मार्फत गरिदा सहजता भएको सवारी धनीहरूको बुझाई रहेको छ । बजार क्षेत्र भित्र समेत ट्राफिक प्रहरीले सक्दो ट्राफिक व्यवस्थापन गर्न हरेक सम्भव प्रयास गर्दै आएको प्र.स.नि. युबराज बसौलाले जानकारी गराएका छन् । भरपूर ट्राफिक प्रहरीको सक्रियताका कारण विगतको तुलनामा यस क्षेत्रमा दुर्घटनामा कमी देखिएको तथा विना हेलमेट मोटरसाइकिल चलाउनेमा समेत कमी आएको स्थानीयले बताए ।

### अग्नि पीडितलाई सुत्ने खाट प्रदान

